# श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेड
# को
# आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको निमित्त
# साधारण शेयरको निष्काशन तथा बिक्री खुल्ला
## रु १००/– अंकित दरका १५,९३,००० कित्ता शेयर

| साधारण शेयरको बिक्री खुल्ला अवधि : |
|---|
| निष्काशन खुल्ला मिति : २०७९/०२/२३ गते सोमबार देखि<br>निष्काशन बन्द हुने मिति (छिटोमा) : २०७९/०३/०६ गते (बैंकिङ्ग समय पश्चात्) सम्म<br>निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०७९/०३/२१ गते (बैंकिङ्ग समय पश्चात्) सम्म |

**दरखास्त दिनु पर्ने न्यूनतम् शेयर संख्या : १० कित्ता**

**दरखास्त दिन पाउने अधिकतम् शेयर संख्या : १०,००० कित्ता (१० अंकको गुणांकमा)**

**दरखास्तसाथ प्रति शेयर रु. १००/– को दरले (शत प्रतिशत) भुक्तानी माग गरिएको ।**

## आयोजना प्रभावित क्षेत्र

| क्र.सं. | विवरण | बाँडफाँट गरिने शेयर संख्या |
|---|---|---|
| १ | रामेछाप जिल्लाको लिखु तामाकोशी गा.पा.को वडा नं. २ (साविक सैंपु), ३ र ४ (साविक बिजुलीकोट) तथा ओखलढुङ्गा जिल्लाको लिखु गा.पा.को वडा नं. ४ (साविक यसम), ५ (साविक यसम), ६ (साविक गाम्नाङटार), ७ (साविक गाम्नाङटार), ८ (साविक टारकेराबारी) र ९ (पोकली) | ११,१५,१०० कित्ता |
| २ | रामेछाप जिल्लाको लखु तामाकोशी गा.पा. वडा नं. ५ (साविक नागदह), ६ (साविक खिम्ती) र ७ (साविक तिल्पुङ) र मन्थली न.पा.को वडा नं. ११ (साविक गेलु), १२ (साविक गेलु) र १३ (साविक फुलासी) तथा रामेछाप न.पा.को वडा नं. १ (साविक गोठगाउँ) र ३ (साविक साँघुटार) | ३,९८,२५० कित्ता |
| ३ | रामेछाप जिल्लाको लिखु तामाकोशी गा.पा. को वडा नं. १ (साविक दुरागाउँ) र ओखलढुङ्गा जिल्लाको लिखु गा.पा.को वडा नं. १ (साविक सिंहदेवी), २ (साविक सिंहदेवी) र ३ (साविक नर्मदेश्वर) | ७९,६५० कित्ता |
| **कुल** | | **१५,९३,००० कित्ता** |

**दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थानहरु :**

| क्र.सं | विवरण | सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|
| १ | नेपाल एसबिआई बैंक लिमिटेड, लिखु शाखा, ओखलढुङ्गा । | पुष्प राज निरौला | ९८४२१८६७८१ |
| | | नानी राम पराजुली | ९८४९०६७८१६ |
| २ | सांग्रिला विकास बैक लिमिटेड, मन्थली शाखा, रामेछाप । | महेश्वर सुवेदी | ९८४३०४११५१ |
| ३ | नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड, धोबि, रामेछाप । | दिपक प्रसाद दाहाल | ९८५११९१८१५ |
| ४ | श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेडको आयोजनास्थल, लिखु तामाकोशी गाँउपालिका वडा नं. २, फेदी, रामेछाप । | राज कुमार राउत | ९८५४०४०७४७ |
| ५ | श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेडको आयोजनास्थल, लिखु तामाकोशी गाँउपालिका वडा नं. ४, रातमाटा, रामेछाप । | रविन्द्र तिमल्सिना | ९८४१९१५९२३ |
| माथि उल्लेखित संकलन केन्द्रका साथै नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु । | | | |

**आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरुलाई बिक्री वितरण गरेको शेयर सर्वसाधारणलाई बाँडफाँड भएको मितिले तीन बर्ष पुरा नभएसम्म अरु कसैलाई बिक्रि वा हस्तान्तरण गर्न पाइने छैन ।**

**आवेदन फारम भर्नका लागि २ प्रति नागरिकताको प्रतिलिपि, हालसालै खिचेको फोटो २ प्रति सहित बैंक खाता तथा हितग्राही खाता अनिवाई रुपमा चाहिनेछ ।**

## प्रति मेगावाट, कूल लागत तथा प्रगति सम्बन्धी विवरण :

तल्लो लिखु जलविद्युत आयोजना (२८.१ मे.वा.) को निर्माण अवधिको ब्याज सहित (IDC) प्रति मेगावाट लागत रु.२२,६७,६१,५६६/- (अक्षरेपी बाइस करोड सठस्ठ्ठी लाख एकसठ्ठी हजार पाँच सय छैसठ्ठी मात्र) तथा कूल आयोजना खर्च रु. ६,३७,२०,००,०००/- (अक्षरेपी छ अर्व सैंतिस करोड विस लाख मात्र) अनुमान गरिएको छ । यस आयोजनाको निर्माण करिब ९३ % (प्रतिशत) सम्पन्न भई आगामी भदौ/आश्विन महिना भित्र विद्युतको व्यवसायीक उत्पादन गर्ने लक्ष्य राखिएको छ ।

## विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरण :

इजाजतपत्र वहाल रहने अवधि मिति २०७२/१२/२८ देखि २१०७/१२/२७ सम्म रहेकोले २८ वर्ष १० महिना बाँकी रहेको छ ।

## कम्पनीको नेटवर्थ सम्वन्धि विवरण :

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.व | आ.व | आ.व | आ.व | आ.व | आ.व |
| | २०७५/२०७६ | २०७६/२०७७ | २०७७/२०७८ | २०७८/२०७९ | २०७९/२०८० | २०८०/२०८१ |
| **प्रति शेयर नेटवर्थ (रु.)** | ९६.०७ | ९२.२४ | ८९.८८ | ९६.१९ | १०६.७० | ११६.७८ |
| **प्रति शेयर आम्दानी (रु.)** | (१.३३) | (३.९९) | (४.९२) | ०.६६ | १०.५१ | १०.०७ |
| **संचित नाफा (नोक्सान) रु. हजारमा** | (२१,०२९) | (४२,५७५) | (७१,१०७) | (६०,६६५) | १०६,८०७ | २६७,२३९ |

## आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु :

१. आवेदकले दरखास्त फारममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपले हालसालै खिचेको फोटो सहित आफैले दस्तखत गरी प्रभावित क्षेत्रको बासिन्दा प्रमाणित गर्ने स्थानिय निकायबाट जारी कागजात वा नागरिकता प्रमाणपत्रको प्रतिलिपि सहित दरखास्त फारम बुझाउनु पर्नेछ ।

२. १६ बर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपी स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्त फारम बुझाउँदा पेश गर्नुपर्नेछ ।

३. १६ बर्षभन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको (वडा कार्यालय) कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपी संरक्षकद्वारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ । साथै दरखास्त फारममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ ।

४. विवाह भै आएका महिलाका हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनु पर्नेछ ।

५. बसाईं सराई गरी आएको हकमा सार्वजनिक निष्काशन हुने मिति भन्दा अगावै बसाई सराई गरी आएको प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ ।

६. १६ वर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी जिल्ला छाडी अन्य जिल्ला गएका महिला एवं जिल्ला छाडी बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन ।

७. आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नाबालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानून बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ ।

८. धितोपत्र खरिद गर्नका लागी दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरिदको लागी दरखास्त बुझाउनु पर्नेछ ।

९. आवेदन फारम बुझाउँदा दरखास्त फारममा न्यूनतम रुपमा खुल्नुपर्ने भनि तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ ।

१०. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनुपर्नेछ । यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ ।

११. आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुबाट आवेदन माग गर्दा बसाई सराई वा अन्य कारणले बसाई सरेकाहरुले आवेदन दिन पाउने छैनन् ।

१२. साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फारममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरिदका लागि दरखास्त बुझाउनु पर्नेछ । यसरी दरखास्त फारममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरूमा दरखास्त फारम बुझाएको दरखास्त फारमलाई रद्द गरिनेछ ।

१३. आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुले शेयर खरिद गरेमा सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन् ।

१४. सम्पूर्ण दरखास्तवालाहरु (नाबालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फारममा खुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फारममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Nepal Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ।

१५. रु.५०,०००।-भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ ।

१६. रु.५ लाखसम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.५ लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा स्थायी लेखा नम्बर (PAN No.) दरखास्त फारममा खुलाउनु पर्नेछ ।

१७. दरखास्तवालाले एकाघर परिवार बाहेक एक भन्दा बढी दरखास्त फारम समावेश गरी आवेदन दिएको अवस्थामा प्रत्येक दरखास्तवालाले आफ्नै खाताको एकाउण्ट पेयी चेक बुझाउनुपर्नेछ ।

१८. शेयरको बाँडफाँड गरी सूचीकरण भए पश्चात् बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेका शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।

१९. नेपाल धितोपत्र बोर्डबाट मिति २०७५/१०/०७ को निर्देशन बमोजिम आयोजना प्रभावित क्षेत्रका स्थानियवासीहरुले ऐच्छिक रुपमा आस्वा प्रणाली मार्फत आवेदन दिन सक्ने छन् ।

२०. सर्वसाधारणहरुले दरखास्त दिंदा न्युनतम १० कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले १० कित्ताभन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम १०,००० कित्ता साधारण शेयर खरिद गर्नका लागि आवेदन दिन सकिने छ ।

## निष्काशन तथा बिक्री प्रवन्धक

SanimaCapital

**सानिमा क्यापिटल लिमिटेड**
रजिष्टर्ड कार्यालयः सम मार्ग, नक्साल, काठमाडौं, नेपाल
फोन नं. ०१-४५४०५०८, ०१-४५३६३७५, ०१-४५३५९३६
Email: sanimacapital@sanimabank.com Website: www.sanima.capital